## ध्यान दिनु पर्ने कुराहरु

- नमुना लिने समय: एक बाली कटानी पश्चात र अर्को बाली लगाउनु अघि (प्राय: पुष-माघ महिनामा)
- माटोको नमुना पानी परेको र भिजेको समयमा लिनु हुदैन । कम्तिमा २-३ दिन पछी मात्र लिनु पर्दछ
- माटोको नमुना पानीको वा मलको स्रोतको नजिक बाट लिनु हुँदैन
- माटोमा रासायनिक वा प्रांगारिक मल वा चुना प्रयोग पश्चात पनि नमुना लिन हुँदैन
- माटोको नमुना लिदा खेत बारीको डील,कान्ला, बाटो र ड्याङ्ग बाट लिन हुंदैन

## हाम्रो सेवाहरु

- माटो तथा मल परीक्षण तथा मलखाद सिफारिस
- कृषि अनुसन्धान
- कृषि तालिम (प्रांगारिक खेती, दिगो माटो व्यवस्थापन, बजार व्यवस्थापन, एकीकृत शत्रु जीव व्यवस्थापन,एकीकृत बाली खाद्यतत्वो व्यवस्थापन)
- माटो जाँच्ने किट बक्स निर्माण
- माटो परीक्षण शिविर
- कृषि परामर्श
- कृषि बिकास रणनीति निर्माण
- व्यवसायिक योजना निर्माण

सुमिट होटल चोक, ललितपुर, नेपाल
: ०१५४२५९५६
: agritech1993@gmail.com
: agritechcenter.com.np

ATC
Agriculture - Research - Innovation
1993

# माटोको नमुना लिने तरिका

## एग्रीकल्चरल टेक्नोलोजी सेन्टर

वि सं २०४९ देखि नेपालको कृषि सेवामा समर्पित

## माटो जाँच किन ?


- माटोमा कुन किसिमका खाद्यतत्व कति मात्रामा छ भन्ने थाहा पाउन
- माटोको अम्लीय र क्षारीयपना बुझ्न,
- माटोमा कुन मलखाद के, कति मात्रामा चाहिन्छ थाहा पाउन
- माटोको उर्वराशक्तिलाई दिगो बनाइ उत्पादनमा वृद्धि ल्याउन

## नमुना कसरी लिने ?

- रंग, बुनोट, उचाइ, आदि , माटोको भिन्नताको आधारमा एकै प्रकारको माटो भएको खेतबारीलाई ससाना १-२ रोपनिको वा ५-१० कठ्ठा क्षेत्रमा बिभाजन गर्ने





- प्रत्येक क्षेत्र बाट ७/८ वटा उपनमुना नागबेली वा अंग्रेजी W वा M आकारमा चित्रमा देखाए झै संकलन गर्नुपर्दछ



## उपनमुना लिने तरीका

- स्वयाल अगर, कुटो वा कोदालीले माथि रहेको घास पतिङ्गर हटाई तरकारी वा अन्न बालीको लागि अंग्रेजी V आकारको १ फिट गहिराइको खाडल र फलफुल वा रुख जन्य खेतीको लागि ३ फिट गहिराइको खाडल बनाउने




- तरकारी वा अन्न बालीको लागि V आकारको खाडलको कुनै एक भित्ताबाट उही मोटाइ र उही चौडाई भएको माथि देखि तल सम्मको माटो काटेर निकाल्ने र एउटा सफा भाडामा राख्ने
- फलफुल वा रुख जन्य खेतीको लागि ० देखि १ फिट, १ देखि २ फिट र २ देखि ३ फिट गहिराइ सम्मका छुट्टा छुट्टै उपनमुनाहरु ७/८ ठाँउबाट संकलन गर्नुपर्दछ

## मूल नमुना बनाउने तरीका

- एकै क्षेत्रको एकै गहिराइको संकलित माटोलाई मिसाउने र उक्त उपनमुनामा रहेका ढुङ्गा तथा पात पतिंगर हटाउने
- उक्त उपनमुनालाई हातले गोलाकार बनाई चित्रमा देखाइएको जस्तै ४ भागमा बिभाजन गर्ने



- कुनै बिपरित २ भागलाई राख्ने र बाकीलाइ फ्याक्ने
- यसै गरी माटोलाई घटाउदै लैजाने र आधा किलो जति भएपछि निम्न उल्लेखित विवरण खुलाई संकलित नमुना बन्द गरी प्रयोगशालामा पठाउने

नमुना कोड................................
नाम:..........................................
सम्पर्क न.:..................................
ठेगाना:........................................
नमुना लिएको मिति:.......................
नमुना लिएको स्थान(GPS):.................
बाली विवरण:...............................
नमुनाको लिइएको गहिराई:...............
अन्य विवरण:................................